# स्थानीय राजपत्र

**तिनाउ गाउँपालिका, पाल्पाद्वारा प्रकाशित**

**खण्ड २) तिनाउ गाउँपालिका, मितिः २०७६/१०/२१**

**भाग–२**

**तिनाउ गाउँपालिका, पाल्पा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम तिनाउ गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्व सधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७६ सालको नियमावली**

**नियमावलीको नाम : तिनाउ गाउँपालिकाको संस्था दर्ता नियमावली, २०७६**

गाउँ कार्यपालिकाबाट पारित मितिः २०७६/१०/१२

**प्रस्तावना** :

गाउँपालिका क्षेत्र भित्र संघ संस्था सञ्चालनको लागि अनुमति, नवीकरण र नियमन गर्ने सम्बन्धमा कार्यविधि व्यवस्था गर्न वाञ्छनीय भएकोले, तिनाउ गाउँ सभाले नेपालको संविधानको धारा २२६ (१) बमोजिम यो नियमावली बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** :

(१) यो नियमावलीको नाम "संस्था दर्ता नियमावली, २०७६ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा ऐन भन्नाले केन्द्रीय संस्था दर्ता ऐन, २०३४ लाई सम्झनुपर्छ ।

**३. दर्ताको लागि निवेदन** : ऐन बमोजिम संस्था दर्ता गर्न चाहने व्यक्तिहरुले एकहजार रुपैंया दस्तुर सहित स्थानीय अधिकारी समक्ष अनुसूची -१ र २ मा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ ।

**४. संस्थाको दर्ता र प्रमाण-पत्र** : नियम ३ बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचितठानेमा निजले अनुसूची-३ र ४ बमोजिमको दर्ता कितावमा संस्था दर्ता गर्नु पर्नेछ त्यसरी संस्था दर्ता गरी सकेपछि अनुसूची-५ र ६ बमोजिमको दर्ताको प्रमाण-पत्र दिनेछ ।

**५. दर्ताको अवधि, नवीकरण र दस्तुर** :

(१) नियम ४ बमोजिम दिएको दर्ताको प्रमाण-पत्र एक आर्थिक वर्षसम्म वहाल रहनेछ ।

(२) उपनियम (१) बमोजिम संस्थाको दर्ता वहाल रहने अवधि समाप्त भएको मितिले तीन महिनाभित्र सम्बन्धित संस्था/व्यक्तिले स्थानीय अधिकारीबाट पाँचसय रुपैंया दस्तुर तिरी दर्ताको प्रमाण-पत्र नवीकरण गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिव कारण देखाई दर्ताको प्रमाण-पत्र नवीकरणको लागि निवेदन दिन आएमा स्थानीय अधिकारीले उपनियम (२) बमोजिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर लिई नवीकरण गरी दिन सक्नेछ ।

(क) उपनियम (२) बमोजिमको म्याद नाघेपछि तीन महिनाको लागि रु. १००।-

(ख) खण्ड (क) को म्याद नाघेपछि आषाढ मसान्त सम्मको लागि रु. २५०।-

(ग) खण्ड (ख) को म्याद नाघेपछि अर्को एक आर्थिक वर्षको लागि रु.५००।- को दरले दुई आर्थिक वर्षको लागि रु. १,०००।-

(४) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि म्यादभित्र नवीकरण नगराएका संस्थाहरुले दर्ताको प्रमाणपत्र नवीकरण हुन नसकेको मनासिव कारण देखाई नवीकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि लाग्ने नवीकरण दस्तुरको अतिरिक्त प्रत्येक आर्थिक वर्षको लागि एकहजार रुपैंयाका दरले थप जरिबाना समेत लिई स्थानीय अधिकारीले त्यस्तो दर्ताको प्रमाण-पत्र नवीकरण गरिदिन सक्नेछ ।

(५) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संस्थाले बढीमा पाँच वर्षसम्मको लागि एकै पटक दर्ताको प्रमाण-पत्र नवीकरण गर्न निवेदन दिन आएमा स्थानीय

अधिकारीले त्यस्तो संस्थाले गरी आएको कामको प्रकृति र अवस्था हेरी न्यूनतम दस्तुरका अतिरिक्त प्रत्येक वर्षको लागि थप एकसय रुपैंया दस्तुर लिई एकै पटक पाँच वर्षसम्मको लागि दर्ताको प्रमाण-पत्र नवीकरण गरिदिन सक्नेछ ।

(६) दर्ताको प्रमाण-पत्र नवीकरण गर्ने संस्थाले निवेदन दिंदा कार्य समितिका पदाधिकारीहरुको नामावली संलग्न गर्नु पर्नेछ ।

(७) उपनियम (३) र (५) बमोजिम दर्ताको प्रमाण-पत्र नवीकरण गरेको जानकारी स्थानीय अधिकारीले नेपाल सरकार, गृह मन्त्रालयलाई दिनु पर्नेछ ।

अनुसूची-१
(नियम ३ सँग सम्बन्धित)
**निवेदनपत्रको ढाँचा**

श्री स्थानीय अधिकारी,
तिनाउँ गाउँकार्यपालिकाको कार्यालय ।
दोभान, पाल्पा
५ नं. प्रदेश

महोदय,

हामीले ............................. सम्बन्धी संस्था खोल्न चाहेकोले संस्था दर्ता ऐन, २०३४ तथा तिनाउ गाउँपालिका संस्था दर्ता नियमावली, २०७६ को नियम ३ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं ।

प्रस्तावित संस्थाको विधानको एकप्रति पनि यसैसाथ संलग्न गरिएको छ ।

**विवरण**

१. संस्थाको नाम :-
२. संस्थाको उद्देश्यहरु :-
   क)
   ख)
   ग)
   घ)
   ङ)

३. प्रबन्ध समितिका सदस्यहरुको

| नाम | ठेगाना | पेशा |
| --- | --- | --- |
| क) | | |
| ख) | | |
| ग) | | |
| घ) | | |
| ङ) | | |
| च) | | |
| छ) | | |

४. आर्थिक स्रोत :-

५. कार्यालयको ठेगाना :-

मिति :-

भवदीय,
पदाधिकारीहरुको नाम:

अनुसूची–२
(नियम ३ सँग सम्बन्धित)
**निवेदनपत्रको ढाँचा**

श्री स्थानीय अधिकारी,
तिनाउँ गाउँकार्यपालिकाको कार्यालय ।
दोभान, पाल्पा
५ नं. प्रदेश

महोदय,

हामीले ............................ सम्बन्धी संस्था खोलि तिनाउ गाउँपालिका वडा नं. ..... का जनतालाई शुद्ध पिउनेपानी उपलब्ध गराउन चाहेकोले संस्था दर्ता ऐन, २०३४ तथा तिनाउ गाउँपालिका संस्था दर्ता नियमावली, २०७६ को नियम ३ बमोजिम मूलदर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौं ।

प्रस्तावित संस्थाको विधानको एकप्रति पनि यसैसाथ संलग्न गरिएको छ ।

**विवरण**

१. संस्थाको नाम :-
२. मूलको नाम
३. संस्थाको उद्देश्यहरु :-
    क)
    ख)
    ग)
    घ)
    ङ)

४. प्रबन्ध समितिका सदस्यहरुको

| नाम | ठेगाना | पेशा |
|---|---|---|
| क) | | |
| ख) | | |
| ग) | | |

५. आर्थिक स्रोत :-

६. कार्यालयको ठेगाना :-

मिति :-

भवदीय,
पदाधिकारीहरुको नामः

अनुसूची-३
(नियम ४ सँग सम्बन्धित)

## संस्थाको दर्ता किताव ढाँचा

| दर्ता नं. | दर्ता मिति | | | संस्थाको नाम ठेगाना | संस्थाको उद्देश्य | संस्थाको पदाधिकारी एवं सदस्यहरुको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | साल | महिना | गते | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूची-४
(नियम ४ सँग सम्बन्धित)

# जलश्रोत मूल दर्ता किताव ढाँचा

| दर्ता नं. | दर्ता मिति | | | संस्थाको नाम ठेगाना | संस्थाको उद्देश्य | संस्था अध्यक्षको नाम | पानीमूलको नाम |
|---|---|---|---|---|---|---|---|
| | साल | महिना | गते | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूची-५
(नियम ४ सँग सम्बन्धित)
तिनाउ गाँउपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
दोभान, पाल्पा
५ नं. प्रदेश

# संस्था दर्ताको प्रमाण-पत्र

श्री अध्यक्ष/सचिव

......................................... संस्था दर्ता ऐन, २०३४ को दफा ४ तथा तिनाउ गाउँपालिका संस्था दर्ता नियमावली,२०७६ नियम ४ बमोजिम ........ साल ...... महिना ....... गतेमा दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

स्थानीय अधिकारीको सही:-
पूरा नाम :- ज्ञानु प्रसाद पनेरु
दर्जा :- प्रमुख प्रशासकीय अधिकृत
कार्यालय :- तिनाउ गाउँ कार्यपालिकाको कार्यालय

## संस्था नविकरण

| नवीकरण गरेको मिति | दर्ताको प्रमाणपत्र वहाल रहने अवधि | नवीकरण दस्तुर | स्थानीय अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

प्रमाणीकरण मिति : २०७६/१०/२१

ओम बहादुर घर्तिमगर
गाउँपालिका अध्यक्ष